अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी ।

सम्पर्क नं. : ९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेव: annapurnamunmyagdi.gov.np
G-Plus Code: **FJJV+JH Shikha**

गण्डकी प्रदेश, नेपाल ।


प.स.: २०८०।८१
च.न. २१०

मिति:- २०८०/०५/२०

**"एउटै लक्ष्य एउटै सार, मानव बेचबिखनको अन्त्य हाम्रो साझा सरोकार"**

सन् २००२ मा काठमाण्डौमा सम्पन्न दक्षिण एसियाली सहयोग संगठन (सार्क) को ११ औं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धी २००२ लाई वि.सं. २०६३ भाद्र २० गते तत्कालिन व्यवस्थापिका संसदबाट अनुमोदन गरेको दिनलाई स्मरण गर्दैं नेपाल सरकारले हरेक वर्ष भाद्र २० गतेलाई मानव वेचबिखन विरुद्धको राष्ट्रिय दिवसको रुपमा मनाउदै आएको छ यस वर्ष **"सामाजिक न्याय र आर्थिक सशक्तिकरणः मानव बेचविखनको निर्मूलन"** भन्ने राष्ट्रिय नाराका साथ मानव वेचविखन तथा ओसारपसार विरुद्धको सत्रौं राष्ट्रिय दिवस २०८० भाद्र २० गते मनाउन गइरहेको छ । सामाजिक सचेतनाका साथ यस्ता दिवसहरु मनाइरहँदा सूचना र प्रविधिको फड्को सँगै मानव वेचबिखन, लैंगिक हिंसा, बलात्कार जस्ता जघन्य अपराधहरुको संख्या बढ्दै गरेको सुन्न र देख्न पाइन्छ । मानव वेचबिखनमा महिला तथा बालबालिका बढी प्रभावित हुने गरेको र अन्तर्राष्ट्रिय सञ्जाल बनाएर अपराध गर्नेहरुले वेचबिखन गर्ने गरेको पाइन्छ । मानव वेचबिखन, लैंगिक हिंसा, बलात्कार जस्ता जघन्य अपराधलाई सामाज बाटै निर्मूल पार्नमा सामाजिक सचेतना अभिवृद्धिमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरु मात्र नभई व्यक्ति, समाज र समुदायको महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले यस्ता जघन्य अपराध हुन नदिन तपाई हामी हातेमालो गरौं मानव वेचबिखनको अन्त्य गरौं।

अमृत सुवेदी
**प्रमुख प्रशासकीय अधिकृत**